स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'पूर्णबहादुरको सारङ्गी'को कीर्तिमानी सफलतापछि अभिनेता विजय बराल अब 'जनै हराएको बाहुन'मा काम गर्ने तयारीमा छन्। यसमा उनको भूमिका कस्तो छ भन्नेबारे जानकारी गराइएको छैन। तर, सोमबार सार्वजनिक थिम संवादले उनी ग्रामीण युवकको भूमिकामा देखिने संकेत गर्छ । आफ्नो सपना पूरा गर्न उनी गाउँ छाड्न बाध्य भएको संवाद भिडियोमा सुन्न सकिन्छ।

**आजको विचार...**



हामी...
(दुई पेजमा)

मणि शर्मा



प्रायः फिल्मका गीतहरु प्रदर्शन अगावै सार्वजनिक भइसकेका हुन्छन्। त्यसले फिल्मको प्रचारमा सघाउ पुग्ने विश्वास मेकरहरुमा छ। तर, केही फिल्मको भने कथा खुल्ने डरले प्रदर्शनपछि मात्र गीत सार्वजनिक गरिन्छ। शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'एक्टर : टेक वन'को तेस्रो दिन आइतबार नयाँ गीत 'जिन्दगी रेल' युट्युबमार्फत सार्वजनिक गरिएको छ। गीतमा आशुतोष उप्रेतीको गायन, शब्द तथा रोहित शाक्यको संगीत छ। अभिनेता प्रदीप खड्काले फिल्म साइन गरेपछि विलासी जीवन बाँचेको देख्न सकिन्छ।

❒ वर्ष ३० ❒ अंक १९२ ❒ २०८१ माघ २२ गते मंगलबार 4 February 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बम विस्फोटमा १५ को मृत्यु

(रासस/एएफपी)

**दमास्कस,** माघ २१/सिरियाको उत्तरी शहर मानबिज नजिकै सोमबार भएको कार बम विस्फोटमा परी १५ जनाको मृत्यु भएको सिरियाको सरकारी समाचार संस्था सानाले जनाएको छ । आक्रमणमा १४ महिला एक पुरूष गरी १५ जनाको मृत्यु भएको र सोही सङ्ख्यामा घाइते भएको सिरियाली सञ्चारमाध्यमले जनाएका छन । ह्वाइट हेल्मेट उद्धारकर्तालाई उद्धृत गर्दै सानाले आफ्नो समाचारमा लेखेको छ, 'स्थानीय सडकमा 'नरसंहार' भएको र 'कृषि मजदुरहरू चढेको गाडी नजिकै कार बम विस्फोट' भएको थियो । आक्रमणमा परी १४ महिला र एक पुरुषको मृत्यु भएको र १५ जना महिला घाइते भएको र केहीको अवस्था गम्भीर रहेका छन् । सिरियामा तत्कालिन राष्ट्रपति बसर अल असद्को अन्त्यका लागि सन् २०११ मा सुरू भएको आन्दोलनले पछि गृहयुद्धको रूप लिँदा पाँच लाखभन्दा बढी सिरियालीको मृत्यु भएको र कूशल जनसङ्ख्याको करिब आधा जनसङ्ख्या आन्तरिक वा बाह्यरूपमा विस्थापित बनेको थियो ।

# स्थानीय विज्ञापन स्थानीय मिडियालाई अनिवार्य दिने व्यवस्थाका लागि कानुन संशोधन गर्न जरुरी छ : अध्यक्ष बस्नेत

रामचन्द्र रायमाझी

**पाल्पा,** माघ २१/प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतले स्थानीय विज्ञापन स्थानीय मिडियालाई नै दिने अनिवार्य व्यवस्था मिलाउन कानुन संशोधन गर्न जरुरी रहेको बताएका छन् । सोमबार प्रेस चौतारी नेपाल पाल्पा शाखाको ९ औं जिल्ला अधिवेशनलाई तानसेनमा सम्बोधन गर्दै अध्यक्ष बस्नेतले स्थानीय मिडियाहरु टिकाउनका लागि स्थानीय सरकारका विज्ञापन स्थानीय मिडियालाई दिने व्यवस्था गर्न कानुन संशोधन आवश्यक रहेको बताएका हुन् ।

अहिले मिडिया कसरी टिकाउने भन्ने विषय चुनौतिको रुपमा रहेको उल्लेख गर्दै उनले अब स्थानीय विज्ञापन स्थानीय मिडियाका लागि नै दिने व्यवस्था गर्न सरकारलाई आग्रह गरे । अध्यक्ष बस्नेतले भने 'स्थानीय मिडिया बचाउन पाल्पाको विज्ञापन पाल्पाकै सञ्चारमाध्यमका लागि हुनुपर्छ, रुपन्देहीको विज्ञापन रुपन्देहीकै लागि हुनुपर्छ र काठमाडौंको विज्ञापन





काठमाडौंकै लागि हुनुपर्छ ।' उनले मिडिया र पत्रकार टिकाउनका लागि विज्ञापन नीतिमा हस्तक्षेप गर्न जरुरी रहेको उल्लेख गर्दै त्यसका लागि प्रेस चौतारीले अगुवाई गर्ने अध्यक्ष बस्नेतको भनाई छ । उनले सामाजिक सञ्जाल र पत्रकारिता फरक विषय भएको बताएका छन् । सरकारले ल्याएको सामाजिक विधेयप्रति लक्षित गर्दै अध्यक्ष बस्नेतले उक्त विधेयक पत्रकारितालाई अंकुस लगाउन नभई सामाजिक सञ्जाललाई नियन्त्रण गर्न ल्याएको दावी गरे । उनले भने 'फेसबुक, इन्टाग्राम ट्वईटरमा मनपरी बोल्न र चरित्र हत्या गर्नेलाई नियन्त्रण गर्न खोजिएको हो ।' अध्यक्ष बस्नेतले प्रेस चौतारी नेपालले नेपालको पत्रकारिता र सूचनाको अधिकारका क्षेत्रमा गौरव गर्न लायकको काम गरेको पनि बताए । उनले प्रेस चौतारी नेपालका अग्रजहरूले पञ्चायती निरङ्कुश व्यवस्थाका विरुद्ध र नयाँ पुस्ताले लोकतन्त्र स्थापनाका लागि सशक्त कलम चलाउने काम मात्र गरेका नभई आन्दोलनको अग्रमोर्चामा उभिएको कारण प्रेस चौतारी नेपाल गौरव पूर्ण संगठन भएको दाबी गरे । 'गणतन्त्र स्थापनमा हामीले अगुवाइ गर्‍यौं, त्यस कारण प्रेस चौतारी नेपाल गौरवशाली छ, हामीले कानुन निर्माणको लागि अगुवाइ गर्‍यौं, त्यस कारण प्रेस चौतारी नेपाल गौरवशाली छ, आफ्नै पार्टीको सरकार हुँदा आएको मिडिया काउन्सिल विधेयकको विरुद्ध डटेर प्रतिवाद गरेर फिर्ता लिन लगायौं, हामी अधिकारको लागि आफ्नैसँग पनि झुक्दैनौं, त्यस कारण प्रेस चौतारी नेपाल गौरवशाली छ', उनले भने । पत्रकारिताले सत्यको आधारमा तथ्य स्थापित गर्नुपर्नेमा उनले जोड दिए । कार्यक्रमा नेकपा एमालेका पोलिटब्युरो सदस्य तथा सघीय सांसद ठाकुर गैरेले भ्रामक तथ्यहिन सुचनाले मुलधारका मिडियाहरु संकटमा रहेको बताए । उनले सामाजिक सञ्जालमा आएका भ्रामक सूचनाले मूलधारका मिडियाहरुलाई चुनौति रहेकाले त्यसतर्फ सचेतना हुनुपर्नेमा जोड दिए । सांसद गैरेले देश परिवर्तनका लागि सकारात्मक सोच आवश्यक रहेको भन्दै अराजगकता फैकाउने र जनतालाई भ्रममा पार्ने कार्यलाई नियन्त्रण गर्न सरकारले सामाजिक सञ्जाल सम्बन्धी विधेयक ल्याएको बताए । एमाले लुम्बिनी प्रदेशका अध्यक्ष राधा कृष्ण कण्डेलले समाज र पत्रकारिता क्षेत्रमा अराजकता बढ्दै गएकाले त्यसलाई पत्रकारले नै निरुत्साहित गर्नुपर्नेमा जोड दिए । चौतारीका केन्द्रिय परिषद सदस्य मेघराज शर्माले पत्रकारिता भित्रको विकृती पत्रकार आफैले हटाउनु पर्ने बताए । एमालेका जिल्ला अध्यक्ष ओमबहादुर घर्तीले अहिले आर्थिक क्रान्तिको आवश्यकता रहेकाले त्यसतर्फ कलम चलाउन पत्रकारहरुलाई आग्रह गरे । पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुन बहादुर थापाले समाजमा देखिएका विकृति विसंगतीहरुलाई सशक्त ढंगले उठान गर्न आवश्यक रहेको बताए ।

पत्रकार महासंघका जिल्ला अध्यक्ष कमलराज तिमिल्सिनाले स्थानीय मिडिया र पत्रकार संकटमा परेकाले त्यसतर्फ सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले सरकारले सरोकारवाला निकायसँग छलफल नै नगरी ल्याएको सामाजिक सञ्जाल सम्बन्धी विधेक गलत भएको बताए । उनले भने 'सामाजिक सञ्जालमा देखिएका विकृति नियन्त्रण गर्न विधेयक आवश्यक छ तर जुन ढंगले आएको छ त्यो छलफल गरेर जानु पर्छ भन्ने प्रेस युनियनको माग हो ।' चौतारीले अधिवेशनको अवसरमा संस्थाको विकासमा योगदान पुर्‍याएका विभिन्न व्यक्तिहरुलाई सम्मान समेत गरेको छ । चौतारीका जिल्लाका अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, उपाध्यक्ष बन्दना पोखरेलको स्वागत, सचिव नारायण न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## सार्वजनिक सेवा लिँदा ध्यान दिऊँ

- सेवाग्राहीले आफूले लिन चाहेको सेवाको बारेमा जानकारी राखौं,
- सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात यकीन गरौं,
- आफुले प्रदान गर्ने सेवाका सम्बन्धमा सेवा प्रदान गर्ने निकायले राखेको नागरिक वडापत्रमा उल्लेखित विषयमा ध्यान दिऊँ,
- सेवा लिन जाँदा कर्मचारीहरूसँग विनम्र व्यवहार गरौं,
- कर्मचारीहरूलाई कुनै अनुचित प्रलोभन नदेखाऔं,
- कर्मचारीले काममा ढिलासुस्ति गरी कुनै माग वा शर्त राखे तत्काल कार्यालय प्रमुख वा सम्बन्धित निकायमा जानकारी गराऔं,
- सेवा प्रवाहसम्बन्धी केही गुनासो भए गुनासो पेटीका वा गुनासो सुन्ने अधिकारी समक्ष राखौं,
- सचेत र सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# वन्यजन्तुबाट भएको क्षतिको राहतको आशमा गुल्मीका किसान

**गुल्मी,** माघ २१/गुल्मीमा वन्यजन्तुबाट क्षति भएका किसानले डेढ वर्षसम्म पनि क्षति बापतको राहत रकम प्राप्त गर्न सकेका छैनन् । आर्थिक वर्ष २०८०/८१ को साउन महिनादेखि डिभिजन वन कार्यालय गुल्मीमा सय पाँच जना किसानले राहतका लागि दिएका निवेदन दिएका थिए । डेढ वर्षसम्म पनि कार्यालयले किसानलाई राहत रकम उपलब्ध नगराएको किसानले गुनासो गरेका छन् ।

वन्यजन्तुबाट भएको बालीनाली र पशुधन क्षतिका लागि प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयबाट किसानलाई क्षति बापतको राहत उपलब्ध गराउने व्यवस्था छ । तर बजेटको सुनिश्चितता नभएको भन्दै मन्त्रालयले डेढवर्षसम्म पनि राहत रकम जिल्लामा उपलब्ध नगराएका कारण किसान राहत उपलब्ध गराउन नसकिएको डिभिजन वन कार्यालय गुलमीले जनाएको छ । डिभिजन वन कार्यालय गुल्मीमा वन्यजन्तुबाट भएको बालीनाली र पशुधन क्षतिको लागि



एक सय पाँच जना किसानले आवशयक कागजातसहित कार्यालयमा निवेदन पेस गरिसकेका छन् । किसानहरुले पेस गरेका निवेदनमा ४२ जनाले बालीनाली र ६३ जनाले पशुधन क्षति भएको भन्दै राहतको दाबी गरेका हुन । तर निवेदन दिएको डेढ वर्ष हुँदा पनि राहत नपाएपछि अब राहत पाउने आशा हराउँदै गएको मदाने गाउँपालिका -४ कुसुम बस्तीका किसान लालबाहदुर घर्तीले बताए । चितुवाले खोरमा पसेर माउबाखा खाइदिएपछि राहतका लागि मुचुल्का बनाएर वन कार्यालयमा निवेदन दिएको उनले बताए । त्यसैगरी मदाने-४ का किसान डोरबहादुर घर्तीको पनि चितुवाले खोरबाट तीन वटा बाखा मारेको थियो । उनले आफू कतिबेला राहत आउँछ भनेर त्यसैको आशमा बसिरहेको बताए ।

गुल्मीमा वन्यजन्तुबाट क्षति पुगेका एक सय पाँच जनामध्ये ४२ जना किसानको बालीनालीमा क्षति पुगेको छ भने अन्य ६३ जनाको पशुधन क्षति पुगेको छ । डिभिजन वन कार्यालय गुल्मीका अनुसार पशुधनबापत बाखा, गाईगोरु, भैँसी र कुखुराको क्षतिको राहतका लागि निवेदन दिएको बताइएको छ । किसानहरुले दिएका निवेदनका आधारमा जिल्लामा रहेको राहत मूल्याङ्कन समितिले सिफारिस गरी राहतका लागि प्रदेश मन्त्रालयमा पठाउने गर्दछ । राहतको लागि माछा वा कुखुराको हकमा मूल्याङ्कनका आधारमा वर्षमा एक पटक बढीमा रु दश हजार, बाखाको हकमा प्रति बाखा दश हजार र गाईभैँसी, राँगो, उन्नत् जातको गाई, घोडा, खच्चड, चौँरी लगायतको हकमा ६० हजारसम्म क्षतिपूर्ति दिने निर्देशीकामा व्यवस्था छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व क्यान्सर दिवसको सन्दर्भ

आज विश्व क्यान्सर दिवस । नेपालमा पनि क्यान्सरसम्बन्धी जनचेतनामूलक विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ । क्यान्सर लागेमा निको हुँदैन भन्ने धारणा आम मानव समुदायमा रहेकोमा रोग लागेको छोटो समयमा उपचार थालियो भने रोकथाम गर्न सकिन्छ भन्ने सचेत पार्न विश्व स्वास्थ्य संगठनको आह्वानमा हरेक वर्ष दिवस मनाउँदै आइएको छ । नसर्ने रोगको जोखिम बढिरहँदा क्यान्सरको पनि जोखिम बढ्दै गएको छ । अस्पतालमा आउने बिरामीमध्ये महिलाहरूमा पाठेघरको मुखको क्यान्सर र पुरुषहरूमा फोक्सोको क्यान्सर बढी देखिने गरेको छ । ग्लोबल क्यान्सर अब्जरबेटरीका अनुसार नेपालमा क्यान्सरका नयाँ बिरामी पत्ता लाग्नेमध्ये सबैभन्दा बढी १६ दशमलव ४ प्रतिशतमा पाठेघरको मुखको क्यान्सर देखिने गरेको छ भने १३ दशमलव ९ प्रतिशतमा स्तन क्यान्सर हुने गरेको छ । यसैगरी १० दशमलव ४ प्रतिशतमा फोक्सोको क्यान्सर देखिने गरेको छ । यो रोग नेपाल लगायत विश्वभर एउटा ठूलो स्वास्थ्य चुनौतीका रूपमा रहेको छ ।

नसर्ने प्रकृतिका रोगमध्ये क्यान्सर एउटा डरलाग्दो रोग हो । क्यान्सर ढिलो गरी पत्ता लागे उपचार नै हुन कठिन हुने गर्दछ । सुरुवाती अवस्थामा नै पत्ता लगाई उपचार गर्न सके पूर्ण रूपमा निको हुन सक्ने चिकित्सक बताउँछन् । नेपालमा पछिल्लो समय क्यान्सर एक भयावह जनस्वास्थ्य समस्याको विषाय बनेको छ । आहारविहार, शारीरिक व्यायाम, मद्यपान र धूम्रपानको प्रयोगले पनि क्यान्सर रोगको संख्या बढाइरहेको छ । क्यान्सर यसरी भयावह रूपमा फैलनुमा जनमानसमा स्वास्थ्यसम्बन्धी जानकारीको कमी, स्क्रिनिङका कार्यक्रम नहुनु वा भए पनि ढिलो हुनु, सामाजिक आर्थिक रूपमा स्वास्थ्य सेवा पहुँचबाहिर हुनु, स्वास्थ्य सेवा प्रवाह सामञ्जस्यविहीन हुनुजस्ता कारणले भूमिका खेलेका छन् । जसका कारण नेपालमा क्यान्सर उपचारको नतिजा कमजोर देखिन्छ । खानपान, आनीबानीमा परिवर्तन गरेर क्यान्सर रोग लाग्नबाट बच्न सकिन्छ । रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिनु नै उत्तम हुन्छ । तसर्थ क्यान्सरजस्तो घातक रोग लाग्नै नदिने उपाय र सचेतना बढाउन सके मात्र हरेक वर्ष मनाईने क्यान्सर दिवसले सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network

चाहनाले कुनै चीज आफ्नो हुँदैन,हरेक मुस्कान खुसीको हुँदैन
इच्छा त धेरै हुन्छन् जीवनमा तर कहिले समय त कहिले भाग्य हुँदैन ।
*(सागर थापाको फेसबुक स्टाटस https://www.facebook.com/Sagar.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हामी कहिलेसम्म गुलाम भएर बस्ने ?



**मणि शर्मा**

*हाम्रा शासकवर्गले कहिल्यै नेपाल फर्ष्ट भन्ने नीति अपनाएका छन् ? जलस्रोत जति इण्डियालाई सुम्पेर, नेपालको स्वतन्त्रता र सार्वभौमसत्ता विभिन्न सन्धि सम्झौताले इण्डिया र अमेरिकालाई सुम्पेर यिनीहरूले देश विकासको कोरा नारा दिएर जनतालाई झुक्याइरहेका छन् । ट्रम्प घोर दक्षिणपन्थी नेता हुन् ।*

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको वैदेशिक सहायतामा रोकले मागीखाने देशहरूको अर्थतन्त्र, आइएनजीओ र एनजीओलगायत ट्रोजन हर्स बनेका नागरिक समाज र मिडिया हाउसहरूमा उथुलपुथुल ल्याउने संकेत देखापरेको छ । स्विट्जरल्याण्डले पनि बंगलादेश, जाम्बिया र अल्बानियामा आफ्नो आर्थिक सहयोगबन्द गरेको छ । विश्वको अर्थतन्त्र धराशायी हुने अवस्था छ । ब्रिक्सले आफ्नो मुद्रा प्रचलनमा ल्याएपछि डलर उत्तानो पर्ने सम्भावना उत्तिकै छ । यसरी युरोपियन राष्ट्रहरूले पनि आफ्नो अर्थतन्त्रलाई कमजोर पर्ने गरी मागीखाने देशहरूलाई सहायता दिन बन्द गर्नेछ । अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी ब्रुसले भनेका छन्, 'हाम्रो देशका मानिसका लागि कुनै फिर्ती नपाउने भएमा अब अमेरिकाले अन्धभावले आर्थिक वितरण गर्ने छैन ।' उनले अगाडि भनेका छन्, 'परिश्रमी करदाताहरूको पक्षमा यस्तो वैदेशिक सहायता कार्यक्रम पर्यालोचन र पुनर्विन्यास गर्नु केवल सठिक कार्यमात्र होइन, यो एउटा नैतिक बाध्यता पनि हो ।' यसरी अमेरिकाले आफ्नो फाइदा नहुने देशमा आर्थिक सहयोग नगर्ने देखिन्छ । उसले गर्ने भनेको आफ्नो बृहत् लगानी भएको विश्वबैंक र आइएमएफको माध्यमबाट मागीखाने हाम्रो देश जस्ता देशहरूमा ऋाण प्रवाह गरेर देशलाई हरिकंगाल बनाउनु हो । बिआरआईमा जम्मा १५ प्रतिशत ऋाण हुँदा त यहाँका अमेरिका समर्थकहरू बुरुक बुरुक उफ्रिन्छन् तर अमेरिकी लगानीका बैंकहरूबाट ऋाण लिँदा मुखमा पट्टी बाँधेर बस्ने गर्छन् । नेपाल जस्ता देशहरूका शासकवर्गले अब अमेरिकी सहायता लिनुभनेको आफ्नो देशविरुद्ध गई अमेरिकी हितलाई सर्वोपरी मानेर आर्थिक सहयोग लिनु हो । जसमा हाम्रा शासकवर्ग अग्रपंक्तिमा हुनेछन् । ट्रम्पका अनेकौं खराबी छन्, उनी विश्वकै तानाशाह बन्न खोज्दैछन् तर आफ्नो देशप्रति उनी बफादार छन् । अमेरिका फर्ष्ट नीतिले नै यो दर्शाउँछ ।

हाम्रा शासकवर्गले कहिल्यै नेपाल फर्ष्ट भन्ने नीति अपनाएका छन् ? जलस्रोत जति इण्डियालाई सुम्पेर, नेपालको स्वतन्त्रता र सार्वभौमसत्ता विभिन्न सन्धि सम्झौताले इण्डिया र अमेरिकालाई सुम्पेर यिनीहरूले देश विकासको कोरा नारा दिएर जनतालाई झुक्याइरहेका छन् । ट्रम्प घोर दक्षिणपन्थी नेता हुन् । उनी अमेरिकामा आफ्नो धर्म, संस्कृति र सभ्यताको रक्षाका अलागि अघि बढिरहेका छन् । रुस अर्थोडक्स खिष्टान राष्ट्र हो । रुस पनि आफ्नो धर्म, संस्कृति र सभ्यतालाई अघि बढाइरहेको छ । चीन वामपन्थी मुलुक भए तापनि ताओ र कन्फुसियस विचारधारालाई आफ्नो राष्ट्रको नीति बनाएको छ । त्यसमा ऊ अघि बढिरहेको छ । इरान सिया मुस्लिम राष्ट्र हो । ऊ पनि आफ्नो धर्म, संस्कति र सभ्यतालाई प्रवर्द्धन गरिरहेको छ । इण्डियामा कट्टर हिन्दुवादी शासक छन् । उसले पनि हिन्दू धर्म संस्कृति र सभ्यताको रक्षा तथा प्रवर्द्धनका लागि काम गरिरहेको छ । नेपाल विश्वकै एकमात्र सनातन धर्मको जन्मस्थली हो, शिव र शक्तिको पवित्र भूमि हो । बाह्र द्वादश लिंगदेखि प्राय: सबै शक्तिपीठहरू यहीं छन् । तैपनि हाम्रो धर्म, संस्कृति, सभ्यता तथा परम्पराको प्रवर्द्धन नगरेर स्वयं शासकवर्गले नै नेपाललाई खिष्टान धर्म र संस्कृतिको प्रवर्द्धनमा काम गरिरहेको छ । अदालत आइएनजीओको एकाइ बनेर हाम्रो धर्म, संस्कृति, सभ्यता र परम्परा माथि कुठाराघात गरिरहेको छ । गोरखनाथ महाप्रभु र शिव र शक्तिको आशीर्वादले जन्मेको नेपाली सेनालाई जंगबहादुरले देशभक्तहरूको आमसंहार गरेर जन्माएको तत्कालीन ब्रिटिश इण्डियाको गुलाम सेना र अहिले इण्डो अमेरिकाको गुलाम सेनामा परिणत भएको छ । भीमसेन थापादेखि भीमदत्त पन्त, मदन भण्डारी, राजा वीरेन्द्र जस्ता देशभक्तहरूको बलि चढाउने यो देशमा देशभक्तहरूलाई बाँच्न दिइँदैन । विभिन्न काला कानुनको घेरामा पारेर तिनीहरूलाई यातना दिइन्छ । सनातन धर्म र राजसंस्थाप्रति उर्लंदो जनलहर हेरेर, आज सनातन धर्म विरोधी तथा देशद्रोहीहरू धर्मको आवरणमा मन्दिर मन्दिर, गुम्बा गुम्बा चहारिरहेका छन् । कतिपय राजा र सनातन धर्मको नाममा डिपस्ट्रेटको कारिन्दा बनेर अगाडि बढिरहेका छन्, ताकि देशमा सनातन धर्म र राजसंस्थाको पुनरुत्थान नहोस् । यी सबै साधुको भेषमा रावणहरू हुन् । हाम्रो सनातन धर्म र राजसंस्थालाई पूर्णहरण गर्न साधुको भेष धारण गरिरहेका छन् । सबै तीर्थस्थलहरू यहाँ छन्, सबै गंगाजीहरू यहीं छन् । यी तीर्थस्थलमा जाने सडकहरू खोलिदिए धार्मिक पर्यटनले यहाँ वर्षको अर्बौं रुपैयाँ आर्जन गर्न सकिन्छ । अहिले प्रयागराजको कुम्भ मेलामा करोडौं मानिसहरू स्नान गरिरहेका छन् । इण्डियाको चार कुम्भमा एक एक थोपा अमृत खसेको भनाइ छ । जबकि नेपालको सुनसरीका जगतगुरु बालसन्त मोहनशरण देवाचार्यले चतराधामको खोज, अनुसन्धान र धार्मिक व्याख्यापश्चात् शंकराचार्यहरू र इण्डियाका सन्त, महन्त र धर्मगुरुहरूसँग शास्त्रीय तर्कको आधारमा नेपालमा कुम्भस्नान प्रारम्भ भएको हो । तर, त्यहाँ नेपालीहरू कम मात्रामा जान्छन् इण्डियामा नेपालीहरू ओइरेर जाने गर्छन् । अहिले प्रयागराज कुम्भमा त्यही देखिएको छ । नजिकको तीर्थ हेला भनेको यही हो । बालसन्तको भनाइमा, 'समुद्र मन्थनपश्चात् उत्पन्न भएको घडामा रहेको अमृत भारतको हरिद्वार, उज्जैन, प्रयागराज र नासिकमा एक एक थोपा खस्यो । त्यही घडामा लागेको तर भएको स्थानमा कुम्भ राखिएको हो, त्यहाँ नेपालीहरू जान चाहँदैनन् । नेपाली जनता पनि धार्मिक रूपले इण्डियाको दास बनेका छन् । किनकि इण्डियाले हल्ला मच्चाउन जानेको छ । इण्डियामा पहिलो कुम्भ मेला राजा हर्षवर्द्धन मौर्यको पालामा इसापूर्व ६४४ देखि सुरु भएको कुरा फवेनसाङको यात्रा वृत्तान्तमा पाइन्छ । मेला संस्कृत शब्द हो, यसको अर्थ हो एकत्रित हुनु वा भेला हुनु । प्रयागराजमा नदीमा स्नान गर्न नेपालीहरू पनि एकत्रित भएका छन् । हाम्रो संस्कृतिमा माघे संक्रान्तिलगायत संक्रान्ति, सूर्य वा चन्द्र ग्रहणमा नदीहरूमा नुहाउने चलन छ । त्यहाँ नुहाउँदैमा पाप पखालिने होइन, पाप त मनमा हुन्छ । मनमस्तिष्कमा भरिएका कुविचारहरू जबसम्म पखालिँदैनन् तबसम्म न त पवित्र भइन्छ र न त धर्म हुन्छ । मनमस्तिष्कमा रहेको कुभावना, कुविचार पखालेपछि यहाँका पवित्र नदी र महाकुम्भमा स्नान गरेमात्र पाप पखालिन्छ । हाम्रा शासक वर्गले ट्रम्पसँग सिक्नुपर्ने हो, आफ्नो राष्ट्र नै प्रथम, आफ्नो देशको प्राचीनतम धर्म, संस्कृति, सभ्यता, संस्कार र परम्पराहरूको रक्षा तथा विकास र प्रवर्द्धन नै राष्ट्रको परम कर्तव्य हो । भ्याटिकनको दास बनेर यी सबैको न त रक्षा हुन्छ र न त प्रवर्द्धन । अमेरिकाले उसको स्वार्थ अनुकूल न भए आर्थिक सहयोग नदिने भनेको छ । अमेरिकाको सहयोग लिन मुलुकको स्वार्थलाई तिलाञ्जलि दिनुपर्ने हुन्छ । यसको विकल्प के त ? नेपाल सनातन वैदिक धर्मको जन्मस्थली हो । धार्मिक पर्यटन नै यहाँको मुख्य आर्थिक स्रोत हो । त्यसका लागि द्वादश ज्योर्तिलिंग लगायत शक्तिपीठहरूमा जाने सडक सञ्जाल बिछ्याउनुका साथै यसको व्यापक प्रचारप्रसार हुनुपर्छ । भगवान राम नेपालमै जन्मेका हुन् भन्ने प्रमाण जगजाहेर भइसकेको छ । यसको प्रचारप्रसार विश्वव्यापी हुनुपर्छ र माडीको अयोध्यापुरीको विकास गरी धार्मिक पर्यटनको विस्तार गर्नुपर्छ । नेपालमा लाग्ने महाकुम्भको प्रचारप्रसार व्यापक बनाउनुपर्छ । केबलकार होइन सडक सञ्जालको विस्तार गर्नुपर्छ । हिजो राजाहरूले पनि यसतर्फ ध्यान दिएनन् र अहिले गणतन्त्रवादीहरूले ध्यान दिने कुरै भएन । केवल विश्व बैंकलगायत संस्थाबाट ऋाण लिएर नेपाली जनताको थाप्लोमा खर्बौं रुपैयाँको ऋाणभार थुपारेर देशलाई कंगाल बनाउनेबाहेक यहाँका शासक वर्गले केही गरेका छैनन् । अब अमेरिका र युरोपले पहिला जस्तो आर्थिक सहयोग गर्छ भनेर नसोचे हुन्छ । युरोप र अमेरिका टाट पल्टिने अवस्थामा गइसकेका छन् । यिनीहरू कागजी बाघमात्र हुन् । अमेरिका र युरोपले वा विश्व बैंकलगायतले उनीहरूको स्वार्थ प्रतिकूल हुनेगरी न त सहायता दिन्छन् न त आर्थिक सहयोग । १८० देशमा अमेरिकाले दिँदै आएको सहयोय इजरायल र इजिप्टबाहेकका मुलुकमा किन निलम्बन गऱ्यो त ? किनकि मध्ययपूर्वमा अमेरिकी हित देखेर नै यी दुई राष्ट्रलाई सहयोग बन्द गरेन । यी दुई देशमा अमेरिकाको रणनीतिक स्वार्थ छ । अमेरिकाले इजरायललाई वार्षिक ३.३ बिलियन डलर आर्थिक सहयोग दिन्छ । यो आर्थिक सहयोग सैन्य सहायतासँग जोडिएको छ । सन् १९७९ मा इजिप्टसँग इजरायलको शान्ति सम्झौता भएको छ जसले गर्दा इजरायलले इजिप्टबाट आक्रमण नहुने प्रतिश्रुति पाएको छ । यसले गर्दा अमेरिकालाई मध्यपूर्वमा आफ्नो प्रभाव बढाउन बाटो खुल्यो । यसले गर्दा आणविक शक्तिमा शक्तिशाली इरान र आतंकवादी संगठनहरूसँग अमेरिकालाई मुकाबिला गर्न सजिलो भयो । अर्कोतिर अमेरिकाले गर्ने सहायतले इजिप्टलाई आफ्नो सेनालाई बलियो बनाउन सहयोग प्राप्त भयो । अमेरिकी सेनासँग संयुक्त रूपमा तालिम लिन सहयोग पुग्यो । यसले इजिप्टको सेनालाई आधुनिकीकरण गर्न, उन्नत हतियार र अन्य सहायता पाइरहन्छ । सैन्य सहयोगले अमेरिका र इजिप्टका बीच एउटा रणनीतिक साझेदारीलाई मजबुत गर्छ, जुन मध्यपूर्वमा अमेरिकी हितको रक्षा गर्छ । स्वेज नहरसम्म पहुँच र अमेरिकी सेनाद्वारा उपयोग गर्ने ओभरफ्लाइट मागलाई सहज बनाउँछ । यस कारणले अमेरिकाले इजिप्ट र इजरायललाई सहयोग रोकेन । नेपाल भूराजनीतिक रूपमा अमेरिकाका लागि महत्वपूर्ण भूमि बन्न सक्छ ।

एमसिसी त्यसको उदाहरण हो । एसपिपी, सोफा असफल भएपछि उसले पुष्पकमल दाहालमार्फत लिलीप्याड मोडलको अवधारण बाहिर ल्याएको छ । यदि अमेरिकाले नेपाललाई रोक्का गरेको सहयोग पुन: दिन सुरु गऱ्यो भने बुझ्नुपर्छ नेपालले अमेरिका सामु आत्मसमर्पण गरिसकेको छ, जो नेपालको लागि विध्वंशकारक हुनेछ । रुस र चीन पनि नेपालको नीतिहरूप्रति आँखा गाडेर बसेको स्थिति छ । अफगान क्वाड गठनपछि नेपाल पनि रुस, चीन, इरान, पाकिस्तान र भविष्यमा इण्डियाको घेराबन्दीमा पर्नेछ । ब्रिक्स त छँदैछ । बंगलादेश र पाकिस्तानले पनि ब्रिक्समा सामेल हुन आवेदन दिइसकेका छन् । कहिलेसम्म इण्डिया, अमेरिका र भ्याटिकनको गुलाम भएर बाँच्ने ?

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : योजनाहरूबाट लाभ मिल्ने आशा छ। राजकीय मामिलाहरु सुल्झिने छन्। | **तुला** : वादविवाद सुल्झिनेछ। समाजमा नयाँ जिम्मेवारी मिल्नेछ। |
| **वृष** : समय उपयुक्त रहेको छ।परिवार मा असन्तोषको भावना जागृत हुनेछ। | **वृश्चिक** : योजनाको सुरुवात गर्न सक्नुहुनेछ।कुरालाई खुलेर राख्ने प्रयास गर्नुहोस् |
| **मिथुन** : धन खर्चका योग छन्। कठिन समयमा मित्रलाई सहयोग गरेर खुसी मिल्नेछ। | **धनु** : रुचिगत कार्यमा मन लाग्नेछ। नोकरी वा पेशामा मनमुटाव हुन सक्ला। |
| **कर्कट** : सवारी साधनमा आकस्मिक धन खर्चका योग छन्। ज्ञानमा वृद्धि हुनेछ। | **मकर** : सफलता हात लाग्नाले उत्साहित हुनुहुनेछ। सुख सुविधामा धन खर्च हुनेछ। |
| **सिंह** : नुन विपरीत कार्य नगर्नुहोला। कार्यको सुरुवातीमा आत्मविश्वासी बन्नुहोस्। | **कुम्भ** : गरिएको यात्राबाट लाभ मिल्नेछ। परिवारको सुख समृद्धिमा वृद्धि हुनेछ। |
| **कन्या** : लेखन कार्य बाट लाभ मिल्नेछ।व्यवसायमा साथीको सहयोग मिल्नेछ। | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |

## विज्ञान/सूचना प्रविधि

# ६ महिनामा २८ लाख फोरजी प्रयोगकर्ता थपिए

छ महिनामा २८ लाखभन्दा धेरै फोरजी प्रयोगकर्ता थपिएका छन् । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार गत असार मसान्तमा मोबाइल ब्रोडब्यान्डमार्फत् हुने उक्त प्रयोगकर्ताको कुल संख्या २ करोड २२ लाख ३२ हजार ४१६ रहेकोमा पुस मसान्तमा आइपुग्दा यो संख्या २ करोड ५० लाख ७५ हजार ४१९ पुगेको हो । यो अवधिमा फोरजी प्रयोगकर्ताको संख्यामा १२.७८ प्रतिशतले बढेको हो । उल्लेखित संख्या यो कुल इन्टरनेट प्रयोगकर्ताको ८९.७० प्रतिशत हो । अहिले मोबाइल ब्रोडब्यान्ड सेवा प्रदान गर्ने दूरसञ्चार सेवा प्रदायकको संख्या २ वटा मात्रै रहेको छ ।




सरकारी क्षेत्रको सेवा प्रदायक नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम) र निजी क्षेत्रको सेवा प्रदायक एनसेलले यस्तो सेवा दिँदै आएका छन् । विज्ञापन पोस्ट गर्नुहोस् सबै हेर्नुहोस् पुस मसान्तसम्म कुल फोरजी प्रयोगकर्तामध्ये नेपाल टेलिकमको १ करोड ३१ लाख तथा एनसेलको १ करोड १९ लाख संख्या रहेको प्राधिकरणको तथ्या छ । असार मसान्तमा टेलिकमको १ करोड ५२ लाख तथा एनसेलको ६९ लाख प्रयोगकर्ता थिए । यो अवधिमा टेलिकमका प्रयोगकर्ता १३.८९ प्रतिशतले घट्दा एनसेलको प्रयोगकर्ता ७१.४६ प्रतिशतले बढेको देखिएको छ । उता थ्रिजी प्रयोगकर्ता भने यो अवधिमा ह्वात्तै घटेको छ । असार मसान्तसम्म ७५ लाख १९ हजार रहेको संख्या अहिले ९ लाख २३ हजारमा झरेको छ । त्यस्तै, १४ लाख ५८ हजारको संख्यामा रहेको टूजी सेवा अहिले शून्यमा झरेको छ । त्यसमध्ये नेपाल टेलिकमको थ्रिजी र टूजी प्रयोकर्ता असार मसान्तमा क्रमश: ५६ लाख ८३ हजार र १४ लाख ५८ हजार रहेकोमा अहिले ७ लाख ७६ हजार पुगेको छ । त्यस्तै, एनसेलको थ्रिजी प्रयोगकर्ताको संख्या १८ लाख ३६ हजारबाट १ लाख ४७ हजारमा झरेको छ । एनसेलले टूजी सेवा भने पहिले नै विस्थापन गरिसकेको थियो । १ लाख ६८ हजार ब्रोडब्यान्ड इन्टरनेट प्रयोगकर्ता थपिए यो अवधिमा ब्रोडब्यान्ड इन्टरनेट प्रयोगकर्ताको संख्या १ लाख ६८ ले बढेको छ । असार मसान्तमा २८ लाख १५ हजार रहेको प्रयोगकर्ताको संख्या बढेर २९ लाख ८३ हजार पुगेको छ । यो कुल इन्टरनेट प्रयोगकर्ताको संख्याको तुलनामा १०.३० प्रतिशत बराबर हो । अहिले ४४.७२ प्रतिशतमा ब्रोडब्यान्ड इन्टरनेट पुगेको प्राधिकरणले जनाएको छ । त्यसमध्ये नेपाल टेलिकमको ३ लाख ५६ हजार र अन्य इन्टरनेट सेवा प्रदायकको २६ लाख ३६ हजार पुगेको छ । असार मसान्तमा टेलिकमका प्रयोगकर्ताको संख्या ३ लाख १३ हजार र इन्टरनेट सेवा प्रदायकको २५ लाख ४ हजार रहेको थियो । यो अवधिमा नेपाल टेलिकमले रेडियो वाईफाई सञ्चालन थालेको देखिन्छ । यो अवधिमा मात्रै टेलिकमका २७ हजार ५२३ रेडियो वाईफाई जडान गरिएको छ । टेलिकमको सेवासँगै अन्य इन्टरनेट सेवा प्रदायकको संख्या ६ हजार ७३८ बाट घटेर ४ हजार ३९० मा झरेको छ । निष्क्रियलाई हटाउँदा मोबाइल प्रयोगकर्ताको संख्या घट्यो यो अवधिमा जीएसएम मोबाइल प्रयोगकर्ताको संख्या ३ करोड ५६ लाखबाट घटेर २ करोड ९५ लाखमा झरेको छ । यो अवधिमा नेपाल टेलिकमले लामो समयदेखि नचलेका जीएसएम सिमको संख्यालाई हटाएर रिपोर्टिङ गरेको छ । त्यसैले छ महिनाअघि २ करोड २४ लाख रहेको सिमको संख्या पुस मसान्तसम्म घटेर १ करोड ४८ लाखमा झरेको छ । फोरजी प्रयोगकर्ताको संख्या समेत घटेको देखिएको छ भने टूजीको संख्या शून्यमा झरेको छ । यो अवधिमा एनसेलका प्रयोगकर्ताको संख्या भने १ करोड ३२ लाखबाट बढेर १ करोड ४७ लाख पुगेको छ । यो अवधिमा नेपाल टेलिकमको पीएसटीएन टेलिफोनको संख्या २ लाख ३० हजारबाट २६ हजारमा झरेको छ । टेलिफोनको संख्या ३ लाख ६६ हजारबाट बढेर ३ लाख ७१ हजार पुगेको छ । अहिले टेलिकमले पीएसटीएन टेलिफोनलाई एफटीटीएचमा रुपान्तरण गर्दै आएको छ ।

*-रातोपाटी डटकम*

# डिलिट भएका फोन नम्बर कसरी पत्ता लगाउने ?

यदि तपाईको मोबाइल फोनमा सुरक्षित गरिएका कुनै फोन नम्बर एक्कासी हराएमा के गर्नुहुन्छ ? अहिले फोन बोक्ने जोकोहीले पनि यस्ता समस्याहरू भोगिरहेका हुन्छन् जहाँ फोनको कन्ट्याक्ट लिस्टबाट अचानक फोन नम्बरहरु गायब भइन्छन् । वास्तवमा गुगल तथा जिमेलको गडबडीका कारणले गर्दा यस्तो हुने गर्दछ । कहिलेकाहीँ ह्याकरले गुगल अकाउन्ट ह्याक गरेर मोबाइलमा सेभ गरिएका फोन नम्बरहरु डिलिट गरिदिन सक्दछन् । स्मरण रहोस्, तपाईको एन्ड्रोइड स्मार्टफोनमा सेभ गरिएका फोन नम्बरहरुको सूची तपाईको जिमेल अकाउन्टसँग लिंक भएको हुन्छ । त्यसैले जब तपाईले आफ्नो जिमेल कुनै अर्को मोबाइलबाट लगइन गर्नुहुन्छ तब उक्त नयाँ मोबाइलमा पनि तपाईका सबै फोन नम्बर तथा गुगलमा सेभ भएका फोटोहरु तथा भिडियोका साथै डकुमेन्टहरु पनि देखा पर्दछन् । त्यसैले आफ्नो जिमेलको सुरक्षा निकै महत्वपूर्ण हुन्छ । आफ्नो जिमेल अकाउन्टलाई ह्याकरबाट बँचाउनका लागि सबैभन्दा पहिलो काम भनेको जिमेलमा अथेन्टिकेसन सक्रिय बनाउनुहोस् । साथै समय समयमा पासवर्ड परिवर्तन गर्ने गर्नुहोस् र पासवर्ड पनि बलियो राख्नुहोस् । यदि कसैले तपाईको जिमेलबाट फोन नम्बरहरु डिलिट गरिदियो भने पनि ती सिधै डिलिट हुँदैनन् । उक्त फोन नम्बरहरुको सूची रिसाइकल बिनमा गएको हुन्छ, जहाँबाट तपाईले उक्त सम्पर्क नम्बरको सूचीलाई रिकभर गरेर आफ्नो मोबाइलमा फिर्ता ल्याउन सक्नुहुन्छ ।




**यसका लागि:** सबैभन्दा पहिले आफ्नो पर्सनल कम्प्युटर वा ल्यापटपमा जिमेल लगइन गर्नुहोस् । यसपछि जिमेलमा दायाँ माथिपट्टि ९ वटा थोप्लावाला अप्सन देखिनेछ । त्यसमा क्लिक गर्दा विभिन्न अप्सन देखिनेछन् । त्यसमध्ये Contact अप्सन छान्नुपर्नेछ । तत् पश्चात् एउटा नयाँ पेज खुल्नेछ, जसमा तपाईले सेभ गरेका फोन नम्बरहरुको सूची देखिन्छ पेजको सबैभन्दा तल तपाईले तचबल वा द्यष्ल अप्सन देख्नुहुनेछ । त्यसमा क्लिक गरिसकेपछि नयाँ पेज खुल्नेछ । त्यहाँ रिकभरको अप्सन देखिनेछ । त्यसमा क्लिक गरेपछि मोबाइल फोनबाट डिलिट भएका नम्बर फिर्ता पाइनेछन् ।

*- अनलाईन खबर डटकम*

# पृथ्वीको सतहमुनी भेटियो १०० गुना अग्लो पहाड




पृथ्वी भित्रको संरचना पाठ्यपुस्तकमा जस्तो सरल, स्पष्ट र सटीक अझै पनि छैन । वैज्ञानिकहरूले यसलाई व्यापक रूपमा तीन भागमा विभाजन गरेका छन् । एउटा कोर, त्यसपछि मेटल र माथिल्लो क्रस्ट । तर विभाजन पनि धेरै सतही र अस्पष्ट छ । तर नयाँ अध्ययनले निकै अनौठो र अचम्मको खोज गरेको छ । वैज्ञानिकहरूले पृथ्वीको केन्द्र र आवरणको बीचमा एउटा टेक्टोनिक चिहान फेला पारेका छन्, जो सगरमाथा भन्दा १०० गुणाभन्दा बढी उचाइ रहेको र अत्यन्त अग्लो संरचनाहरू भेटिएका छन । नेचर म्यागजिनमा प्रकाशित एक अनुसन्धानले यी संरचनाहरू पत्ता लगाएको उल्लेख गरेको छ । अन्वेषकहरूले यी संरचनाहरू अफ्रिका र प्रशान्त महासागर बीचको सिमानामा पृथ्वीको सतहमुनी फेला पारेका हुन् । र तिनीहरूको अनुमान छ कि यी संरचनाहरू पृथ्वीको सबैभन्दा अग्लो पर्वत माउन्ट एवरेस्ट भन्दा यो लगभग १०० गुणा अग्लो हुन सक्छ । यस अनुसन्धानको नेतृत्व युट्रेच युनिभर्सिटीका भूगर्भविद् तथा पृथ्वीको आन्तरिक संरचना र संरचनाका प्राध्यापक डा. अर्वेन डिउसले गरेका हुन् । बैज्ञानिकहरू विश्वास गर्छन् कि यी पहाडहरू कम्तिमा आधा अरब वर्ष पुरानो हो र पृथ्वीको गठनको समय अर्थात लगभग चार अर्ब वर्ष पहिले निर्माण भएको हुनुपर्छ ।'कसैलाई थाहा छैन कि तिनीहरू के हुन्, र तिनीहरू केवल अस्थायी हुन् वा लाखौं शायद अरबौं वर्षदेखि यहाँ छन्,' उनी भन्छन्, 'यीण् विशाल संरचनाहरू पृथ्वीको कोर र आवरणको बीचमा अवस्थित छन् । यी अफ्रिका र प्रशान्त महासागरको आसपासमा रहेको छ । तिनीहरूको वरिपरि एउटा टेक्टोनिक चिहान छ, जहाँ प्लेटहरू 'सबडक्शन' नामक प्रक्रियाद्वारा तल तानिएका हुन् ।' उनका अनुसार यहाँवाट एउटा टेक्टोनिक प्लेट अर्को मुनि जान्छ र पृथ्वीको सतहबाट करिब ३ हजार किलोमिटर गहिराइसम्म पुगेको छ । पृथ्वीको गहिराइमा विशाल संरचनाहरू छन्, यो लामो समयदेखि ज्ञात छ । वैज्ञानिकहरूले भूकम्पीय तरंगहरू मार्फत यी संरचनाहरूको बारेमा पत्ता लगाउन सक्षम हुदैं आएका छन् । किनभने, पृथ्वी तल भएको हलचलका यी तरंगहरू पृथ्वीको सतहबाट गुजर्छन् । ठूला भूकम्पहरूले पृथ्वीलाई घण्टी जस्तै बजाउँछ, तर जब छालहरूले त्यस्ता असामान्य वस्तुहरूमा प्रहार गर्छन्, स्वर असमान्य हुन्छ । यसरी, वैज्ञानिकहरूले पृथ्वी भित्र लुकेका चीजहरूको तस्वीर बनाउने मौका पाउँछन् । अनुसन्धान कर्ताहरूले याद गरे कि भूकम्पीय छालहरू निश्चित क्षेत्रहरूबाट गुज्र्दा सुस्त हुन्छन् । यसको मतलब यी संरचनाहरूका कारण तिनीहरूमा परिवर्तनहरू भइरहेको छ । तिनीहरू वरपरको टेक्टोनिक प्लेटहरू धेरै तातो छन् तर यहाँबाट गुज्र्दा छालहरू धीमा हुन्छन् मानौं त्यहाँ ठोस चीज रहेको देखिन्छ । वैज्ञानिकहरूले यी पहाडहरूलाई 'लार्ज लो सिस्मिक वेलोसिटी प्रोभिन्स' नाम दिएका छन् । 'हाम्रो अपेक्षाको विपरित, हामीले त्यो पहाड धेरै थोरै तरल अवस्थामा भेट्टायौं, जसले त्यहाँ आवाज धेरै ठूलो बनायो,' सुजानिया तालाभेराले भनिन् ।

*-डिसी नेपाल डटकम*

# शुक्र ग्रहसँग मिल्दो अर्को ग्रह भेटियो अन्तरिक्षमा

अन्तरिक्षको खोजकर्ताहरूले जीजे १२१४ बी इनेपोशा नामको नयाँ ग्रह पहिचान गरेका छन् । यस ग्रहले अघिल्लो ग्रह वर्गीकरणलाई चुनौती दिएको छ । पृथ्वीबाट करिब ४७ प्रकाश वर्ष टाढा रहेको यो मन्द ग्रहले रातो बौना ताराको परिक्रमा गरिरहेको छ । यद्यपि यो शुरुमा एक मिनी-नेप्च्युन हो भन्ने सोचिएको थियो, जेम्स वेब स्पेस टेलिस्कोपले यो देखायो कि यसको शुक्र ग्रहसँग बढी समानता मिलिरहेको छ । हामी तपाइलाई यसको बारेमा जानकारी दिनेछौं । इनेपोशाको घना, अभेद्य वातावरण र असामान्य संरचनाले वैज्ञानिकहरूलाई 'सुपर भेनस' नामक नयाँ वर्गीकरण सिर्जना गर्न प्रेरित गरेको छ । यद्यपि यो शुक्रको धेरै विशेषतासँग मिल्न आउँछ, जस्ताको घना वातावरण ।




हाम्रो सौर्यमण्डल भन्दा बाहिर रहेका ग्रहहरूको विविधताको झलक प्रदान गर्दै यस खोजले इनेपोसालाई आफ्नो प्रकारको पहिलो ज्ञात ग्रह बनाएको छ । जेम्स वेब स्पेस टेलिस्कोपद्वारा उपलब्ध गराइएको डाटाले 'एनाइपोशा' को असाधारण प्रकृतिलाई हाइलाइट गरेको द इन्डिपेन्डेन्टले जनाएको छ । यसको घना र धुंधला वातावरणले यसलाई प्रत्यक्ष रूपमा अवलोकन गर्न गाह्रो बनाउँछ, यसको रहस्य पत्ता लगाउन अन्तरिक्ष यात्रीहरूको लागि चुनौतीपूर्ण बनाएको छ । यद्यपि यसको खोजले थप अनुसन्धानको लागि मार्ग प्रशस्त गर्दछ, जसले एक्सोप्लानेट्स र ब्रह्माण्डमा तिनीहरूको भूमिकाबारे हाम्रो बुझाइलाई अझ गहिरो बनाउन सक्छ । एनाईपोशाको चरम विशेषताहरु शुक्रसँग तुलना गर्न सजिलो छ, हाम्रो सौर्य प्रणालीको सबै भन्दा तातो ग्रह तर मापनमा पहिले कहिल्यै देखिएको छैन । यो 'सुपर भेनस' कोटिले ग्रह प्रणालीको जटिल विविधतालाई हाइलाइट गरेको छ । र यी टाढाको संसारहरू अन्वेषण गर्न जेम्स वेब स्पेस टेलिस्कोपजस्ता उन्नत प्रविधिको महत्त्वलाई बलियो बनाएको छ ।

*-हाम्रा कुरा डटकम*

# डिपसिकको प्रयोगमा अमेरिकी संसद्ले लगायो प्रतिबन्ध

अमेरिकी संसद्ले आफ्ना कर्मचारीहरूलाई चिनियाँ आर्टिफियिसल इन्टेलिजेन्स (एआई) 'डिपसिक'को प्रयोगमा प्रतिबन्ध लगाएको छ । अमेरिकी एआई समान शक्तिशाली भएर विश्वभर चर्चा पाएको डिपसिकको सुरक्षा जोखिम न्यूनीकरण गर्ने भन्दै अमेरिकी संसद्ले प्रतिबन्ध लगाएको हो । अमेरिकी सदनका मुख्य प्रशासनिक अकिारीले हाल डिपसिकमाथि सीएओले समीक्षा गरिरहेको भन्दै प्रयोगका लागि अनुमति नरहेको बताएका छन् ।




यससँगै संसद्का कर्मचारीले कुनै पनि आधिकारिको फोन, कम्प्युटर तथा ट्याब्लेटमा डिपसिक इन्स्टल गर्न पाउने छैनन् ।

*-बाह्रखरी डटकम*

# आज विश्व क्यान्सर दिवस मनाइँदै

**पाल्पा,** माघ २१/विश्व स्वास्थ्य संगठनको आह्वानमा हरेक वर्ष फेब्रुअरी ४ तारिखका दिन मनाउँदै आएको विश्व क्यान्सर दिवस आज नेपालमा पनि मनाइँदैछ । विभिन्न चेतनामूलक कार्यक्रम गरी दिवस मनाउन लागिएको हो ।




क्यान्सर लागेमा निको हुँदैन भन्ने धारणा आम मानव समुदायमा रहेकोमा रोग लागेको छोटो समयमा उपचार थालीयो भने रोकथाम गर्न सकिन्छ भनेर सचेत पार्नको लागि पनि दिवस मनाउन थालिएको हो । क्यान्सर रोग निवारणका लागि सरकारीसँगै विभिन्न गैरसरकारी संघसंस्थाहरुले आज चेतनामूलक कार्यक्रमहरुको आयोजना गर्दै छन् । विश्व स्वास्थ्य संगठनको आह्वानमा सन् २००० मा फ्रान्सको राजधानी पेरिसमा भएको बैठकपछि क्यान्सर दिवस मनाउने निर्णय भएको थियो । त्यसपछि हरेक वर्ष फेब्रुअरी ४ मा दिवस मनाउन सुरु गरिएको हो । क्यान्सर दिवस मनाउनुको मुख्य उद्देश्य क्यान्सरबारे जनचेतना जगाउनु नै हो । यसका साथै रोकथाम, उपचार र क्यान्सरबाट हुने मृत्युदर न्यून गर्ने नै हो । हाल नसर्ने रोगको प्रकोप बढेको छ । क्यान्सर, मुटु, फोक्सो, मधुमेह लगायतका रोगले धेरैलाई पिरोलिरहेको छ । विश्वका अधिकांश मुलुकमा ६० प्रतिशतभन्दा बढी मृत्युको कारण नसर्ने रोगहरू भएको विभिन्न अध्ययनले पुष्टि गरेका छन् । त्यसमध्ये कार्डियो भास्कुलर र क्यान्सरको प्रकोप बढिरहेको पाइन्छ । मुटुलगायत अन्य नसर्ने रोगको उपचार विधिमा व्यापक सुधार भएको छ । उपचारमा पहुँच पनि पुगेकाले यी रोगबाट हुने मृत्युको संख्यामा कमी आउन थालेको छ । तर, क्यान्सर रोगको उपचारमा अझै पहुँच पुगेको छैन । क्यान्सर लगायत अन्य नसर्ने खालका दीर्घ रोगको मुख्य कारक तत्वहरू एकै किसिमको पाइन्छ । त्यसैले यी रोगबारे व्यापक जनचेतना फैलाउनुपर्ने खाँचो छ । धेरैजसो मुलुकमा मृत्युको पहिलो नम्बरमा क्यान्सर नै हुने गरेको छ । मुख्यत: क्यान्सर हुनुको कारण खानपान र जीवनशैली रहेको छ । यसबाहेक ५ देखि १० प्रतिशत क्यान्सरका बिरामीमा वंशाणुगत समस्या पनि देखिएको छ । घरमा हजुरबुवा, आमाबुवा वा नातेदार कसैलाई क्यान्सर छ भने सन्तानलाई पनि भएको पृष्ठभूमि पाइएको चिकित्सकहरु बताउँछन् ।

# सरस्रुवती पूजासँगै अक्षरारम्भ

**पाल्पा,** माघ २१/प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने श्रीपञ्चमी विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधना गरी सोमबार देशभर मनाइएको छ । वसन्त पञ्चमीका दिन सरस्वतीको पूजा गरे विद्या बुद्धि बढ्ने विश्वासका साथ देशभरका सरस्वती मन्दिरमा पूजा आराधना गरिएको छ । विद्यालय नपठाइएका साना बालबालिकालाई अक्षरारम्भ गराइएको छ । श्रीपञ्चमीका दिन सिकाए राम्रो विद्या आउने धार्मिक विश्वासका साथ साना नानीबाबुहरुलाई अक्षरारम्भ गराइएको हो ।



विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन् भने तान्त्रिकहरू तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा आराधना गर्छन् । पञ्चमीको दिन विद्यारम्भको मुख्य तिथि भएकाले बिहानैदेखि अभिभावकहरूले आ-आफ्ना बालबालिकालाई नजिकैका सरस्वती मन्दिर वा विद्यालयमा लगी सिसाकलम वा खरीले अक्षर लेख्न लगाउँदै अक्षरारम्भ गराएका छन् । चन्द्रमा जस्तो गोरो वर्णकी, हातमा वीणा र पुस्तक लिएकी देवी सरस्वतीलाई भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, वुद्धिधात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरी जस्ता नामले पनि पुकारिन्छ । विद्या र सिर्जनाकी देवी भएकाले साहित्यकार, कलाकार, पत्रकार र विद्यार्थीले कलम, कापी, कुर्ची र वाद्ययन्त्रलाई सरस्वतीका रूपमा पूजा गर्छन् भने तान्त्रिकहरू तन्त्र सिद्धिका लागि तारादेवीका रूपम आराधना गर्छन् । लेख्नेको मसी नसकियोस्, बोल्नेको आवाज दुरुस्त रहोस् अनि हेर्नेको नजर खुल्ला रहोस् । क देखि ज्ञ सम्मका वर्णमाला अनि शब्द विन्यासहरुले ज्ञान अभिब्यक्त गर्दा सदैव साथ दिउन्, ए बि सि डि आदिका अक्षरस प्रयोग जारी रहोस्, ब्याकरणले साथ दियोस्, संगीतका सातै सुर अनि अभिनयका सम्पूर्ण रसहरुले साथ दिउन् भनि सरस्वती माताको सबैले जयजयकार गर्ने गर्दछन् । विद्यार्थीलाई सरस्वती स्तोत्र पढ्न लगाउँदै विद्याकी देवी सरस्वतीसँग विद्याकै बरदान माग्ने प्रचलन रहेको छ । सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने भएकाले यसलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ । ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धांगिनी ब्रह्मायणीको उपासनाले ज्ञान, सिद्धी र सद्बुद्धि प्राप्त हुने भएकाले सरस्वती पूजाको ठूलो महत्व छ । यस दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नु पर्दैन भन्ने विश्वास छ । यस दिन बालबालिकालाई शिक्षारम्भ गर्नुका साथै नाक, कान छेडिदिने गरिन्छ ।

## खेलकुद समाचार

# झापालाई हराउँदै डडेल्धुराको जीत



**काठमाडौँ,** माघ २१/अर्जुन ट्रफी राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा फ्रेन्ड्स युथ क्लब डडेल्धुराले बोस्टन क्रिकेट झापालाई हराएको छ । खराब मौसमका कारण १५ ओभरमा झारिएको खेलमा डडेल्धुराले झापालाई ७७ रनले हरायो । डडेल्धुराले दिएको १ सय ४४ रनको लक्ष्य पछ्याएको झापाले १५ ओभरमा ९ विकेट गुमाएर ६६ रनमात्रै बनाउन सक्यो । झापाका दिपु भुजेलले १५ र सनम बुढाथोकीले १७ रन बनाउनुबाहेक अरू ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । डडेल्धुराका कुशल भुर्तेलले ४, अजय चौहानले २ तथा सन्दीप जोरा, रवि विष्ट र आवाज गौतमले १/१ विकेट लिए । यसअघि धनगढीको फाप्ला क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको डडेल्धुराले १५ ओभरमा ३ विकेट गुमाएर १ सय ४३ रन बनायो ।

## अर्थ/कर्पोरेट समाचार

# रोटरी क्लव अफ एलएमसीद्वारा विद्यालयलाई फर्निचर



**तानसेन,** माघ २१/ रोटरी क्लव अफ पाल्पा लुम्बिनीले दुई विद्यालयलाई फर्निचर सहयोग गरेको छ । उसले आफ्नो वार्षिक कार्यक्रम अनुसार सोमबार तानसेनका दुई विद्यालयलाई फर्निचर सहयोग गरेको हो ।

क्लवले गणसालमा रहेको बालकन्या भगवती आधारभूत विद्यालयमा १० सेट फाईवरडेस्क तथा वेन्च र तानसेन ७ सुन्दर गाउँको सरस्वती माध्यमिक विद्यालयमा ५० थान कुर्सी हस्तान्तरण गरिएको क्लवका पब्लिक इमेज चेयर पर्सन हरि अर्यालले जानकारी दिए । कार्यक्रमका प्रमुख अतिथि क्लवका संस्थापक अध्यक्ष गोपालवहादुर पोखेललेले उक्त सामान सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरेका हुन् । फर्निचर हस्तान्तरण गर्दै उनले सामाजिक उत्तरदायित्वलाई ध्यानमा राखेर क्लवले गर्ने गरेका हरेक क्रियाकलापहरु महत्वपूर्ण रहेको बताए ।

बालकन्या भगवती आधारभूत विद्यालय व्यवस्थापक समितिका अध्यक्ष लोचनप्रसाद तिमिल्सेना, सरस्वती माविका अध्यक्ष रामप्रसाल पोखेलले विद्यालयप्रति क्लवले देखाएको सहयोग र सद्भाव प्रशंसनिय रहेको भन्दै धन्यवाद दिए । तानसेन -७ का वडा अध्यक्ष एवं क्लवका अध्यक्ष प्रदीप खनालको अध्यक्षता, क्लवका सचिव मुक्तीराम भूषालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पाल्पा आवासीयमा जिल्लास्तरीय अन्तर विद्यालय हाजिरी जवाफ

**पाल्पा,** माघ २१/ जिल्लाको तानसेनमा जिल्ला स्तरीय अन्तर विद्यालय रनिङ शिल्ड विज्ञान गणित हाजिरी जवाफ प्रतियोगिता भएको छ । पाल्पा आवासीय माध्यमिक विद्यालयको आयोजनामा प्रतियोगिता भएको हो ।



विद्यालयले आफ्नो ४५ औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसर पारेर प्रतियोगिता गरेको जनाएको छ । प्रतियोगितामा बेथल इङग्लिस बोर्डिङ स्कूल प्रथम, जनता मावि दोस्रो र देववाणी संस्कृततथा साधारण मावि तेस्रो भएको विद्यालयका प्रिन्सिपल गोपाल पि.सी.ले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा सामुदायिक र संस्थागत १५ विद्यालयका प्रतियोगीहरुको सहभागीता रहेको थियो । विद्यार्थीहरुको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन र ज्ञानलाई थप वृद्धि गर्न प्रतियोगिताले महत्वपूर्ण टेवा पुग्ने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केदालाल श्रेष्ठले बताए । विजेता प्रतियोगीहरुलाई विद्यालयले वार्षिक उत्सवको समापनका दिन यही माघ २५ गते पुरस्कार प्रदान गर्ने जनाइएको छ । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रेष्ठको अध्यक्षता, शिक्षक क्षितिज नेपालको सञ्चालनमा भएको थियो ।

# वन्यजन्तुबाट भएको क्षतिको...

...कार्यालयमा निवेदन पेस गरेका किसानले पटक-पटक फोन गरेर सोध्ने गरेको भन्दै डिभिजन वन कार्यालय गुल्मीका वरिष्ठ वन अधिकृत मदन सापकोटाले प्रदेशमा बजेटको सुनिश्चितता नभएका कारण किसानलाई समयमा राहत उपलब्ध गराउन नसकिएको जानकारी दिए । उनले मन्त्रालयबाट बजेट आएपछि प्रक्रिया अघि बढाएर राहत उपलब्ध गराइने बताए । वन्यजन्तुबाट भएको क्षतिको राहत निर्देशिका २०८० अनुसार वन निर्देशनालयमार्फत प्रदेशको वनसम्बन्धी विषय हेर्ने मन्त्रालयबाट पीडित वा पीडितका हकवालालाई बढीमा एक महिनामा राहत उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । तर निर्देशिकामा उक्त व्यवस्था भए पनि गुल्मी जिल्लामा भने एक सय भन्दा धेरै किसानले लामो समयसम्म पनि राहत नपाउँदा थप समस्यामा परेका छन । *-रासस*

वर्गिकृत डिस्प्ले
*१X५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई